"शिक्षा, सडक, सिंचाई र कृषि गोलन्जोरको पुर्वाधार ॥ तरकारी खेति,पशुपालन र पर्यटन विकास समृद्धिको मूल आधार"

# गोलन्जोर गाउँपालिका
## Golanjor Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

☎ ०४७-६९२०२५, ०४७-६९१९३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.सं : २०८१।०८२
च.नं: ४९८

मिति : २०८२।०२/२६

विषयः वजेट सिलिङ्ग तथा मार्गदर्शन पठाइएको बारे ।

श्री वडा कार्यालयहरु सवै
गोलन्जोर गाउँपालिका, सिन्धुली ।

उपरोक्त सम्वन्धमा गोलन्जोर नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तयारीका लागि श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिबाट तयार गरिएको वडागत वजेट सिलिङ्ग एवं योजना तथा कार्यक्रम छनौटको प्राथमिकताका आधार र मार्गदर्शन तथा आयोजना विवरण फारम पाना संख्या ३ (तिन) यसैसाथ संलग्न राखी पठाइएको छ । सो सम्वन्धमा टोल, वस्ती स्तर तथा वडा भेला मार्फत त्यस वडालाई देहाय बमोजिमको वजेट सिलिङ्ग र स्थानीय तह योजना तर्जुमा दिग्दर्शनले निर्दिष्ट गरेको बजेट तर्जुमाका प्राथमिकता र मार्गदर्शनको सिमा भित्र रही दिगो विकास लक्ष्य, पालिकाले लिएको नीति एवम् स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा वडा स्तरीय आयोजना र कार्यक्रमहरु छनौट गरी वडा समितिबाट अनुमोदन गराई उपलब्ध गराईएको आयोजना फारममा विषयक्षेत्र छुट्टायाई २०८२ साल असार १ गते कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा पेश गर्नु हुन अनुरोध छ ।

**देहायः**

| | |
|---|---|
| संघीय सरकार अन्तर्गत समानीकरण अनुदानवाट प्राप्त बजेट | रु.४०,०००००/- (अक्षरुपी चालिस लाख मात्र) |

२०८२।२।२६
(चन्द्रकान्त चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ३-

प्रस्ताव नं. ३ मा छलफल गर्दा बजेट तथा कार्यक्रमलाई दिगो विकास तर्फ लक्षित गरि आगामी आर्थिक बर्षका प्राथमिकताहरुमा जनताले स्पष्ट रुपले अनुभूति गर्ने गरि प्रगति हासिल गर्दै बजेट अनुशासन समेत कायम गराउन विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा वडा समितिलाई देहायका निर्देशन जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

- ❖ आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- ❖ रोजगारी र आम्दानीमा वृद्धि भई जनताको जीवनस्तरमा वृद्धि हुने,
- ❖ उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- ❖ स्थानीय स्रोत, साधन, सीपको अधिकतम प्रयोग हुने,
- ❖ स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- ❖ महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- ❖ लैङ्गिक समानता र समाजिक समावेशीकरण अभिवृद्धि हुने,
- ❖ दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धनमा सघाउ पुयाउने-,
- ❖ भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने

गाउँपालिकाको समग्र विकास हुने गरी दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धन गरी समृद्ध पालिका निर्माण" सम्बन्धी दीर्घकालीन लक्ष्य हासिल संग तादम्यता हुनेगरी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरु कार्यान्वयन गर्नको निर्धारण भएका देहायका प्राथमिकताका क्षेत्रहरु :

- ❖ कृषिको आधुनिकीकरण र व्यवस्थित पशुपालन
- ❖ बहुआयामिक पर्यटन विकास
- ❖ भौतिक पूर्वाधार विकास सडक ), सिंचाई, भवन, पर्यटन पूर्वाधार, आवास तथा बस्ती विकास,जलश्रोत विकास
- ❖ सामाजिक विकास शिक्षा), स्वास्थ्य र खानेपानी, लैंगिक समानता, , सामाजिक सुरक्षा,
- ❖ संस्थागत क्षमता विकास र सुशासन
- ❖ प्राकृतिक वातावरण संरक्षण र विपद् व्यवस्थापन

नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समयसीमा र प्रकृयासँग अनुकूलन हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिर्वतन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरु

चन्द्रकान्त चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची २४:**

## वडाको बजेट सीमा भित्रका वडास्तरीय आयोजना विवरण फाराम

*(दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ चरण ४ को ४.२ सँग सम्बन्धित)*

| प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | | | | माग गर्ने (वडा/टोल/समूह/संस्था) | लाभान्वित घरधुरी वा जनसंख्या | कार्यान्वयन विधि | लागत तथा प्रस्तावित स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | स्थल | परिमाण | प्राथमिकता | | | | समुदाय | गापा/नपा | अन्य | जम्मा |
| आर्थिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सुशासन तथा सेवा प्रवाह | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |